धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १३ ◆ २०८३ साउन १३ गते बुधबार, Wednesday, July 29, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## बजार अनुगमनमा सक्रिय वाणिज्य विभाग

काठमाडौँ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले टोखा नगरपालिका-७ ढुङ्गेधारामा सञ्चालित एक म:म पसललाई कारबाही गरेको छ ।

स्थलगत अनुगमनका क्रममा कैफियत फेला परेपछि विभागले मीठो झोल म:मलाई रु २० हजार बराबरको जरिवाना गरेको छ ।

विभागले मङ्गलबार काठमाडौँका विभिन्न ११ वटा फर्ममा अनुगमन गरेको थियो । सो क्रममा मेडिमार्ट फर्मालाई बिल बिजक तथा अन्य कागजातसहित तीन दिनभित्र उपस्थित हुन निर्देशन दिएको छ । यस्तै, न्यू दूध सागर माछापोखरीलाई सरसफाइमा विशेष ध्यान दिन, अधिकतम खुद्रा मूल्य तथा बिल बिजक राख्न निर्देशन दिइएको छ ।

यस्तै, विभागले अजित स्टोर कीर्तिपुर र एभरेष्ट ग्यास उद्योगलाई भने ग्यासको सर्वसुलभ र समानुपातिक बिक्री वितरण गर्न निर्देशन दिइएको छ ।

अन्य व्यावसायिक फर्मलाई भने सुधारात्मक निर्देशन दिइएको छ । उपभोक्ता अधिकारकर्मी तथा स्थानीय सरोकारवालाको सहभागितामा विभागले नियमित अनुगमन गर्दै आएको छ ।

## भ्रष्टाचार आरोपमा पूर्ववडाध्यक्षविरुद्ध मुद्दा

काठमाडौँ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धनुषाको विदेह नगरपालिका-५ का पूर्ववडाध्यक्ष विजयकुमार यादवविरुद्ध भ्रष्टाचारको आरोपमा विशेष अदालत, काठमाडौँमा मुद्दा दायर गरेको छ ।

आयोगका अनुसार भारत सरकारको सहयोगमा प्राप्त एम्बुलेन्स वडा कार्यालयको जिन्सीमा आम्दानी नबाँधी आफ्नै नियन्त्रणमा राखी सञ्चालन गरिएको थियो । एम्बुलेन्स सञ्चालनबाट भएको आम्दानी तथा खर्चको अभिलेख नराखिएको र सरकारी कोषमा दाखिला गर्नुपर्ने रकमसमेत दाखिला नगरेको अनुसन्धानबाट खुलेको आयोगले जनाएको छ । अनुसन्धानका क्रममा तीन वर्ष पाँच महिनाको अवधिमा एम्बुलेन्स सञ्चालनबाट रु १५ लाख नौ हजार २५० बराबरको सरकारी सम्पत्तिमा हानि- नोक्सानी भएको आयोगको निष्कर्ष छ । सोही रकमलाई बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद, जरिवाना र बिगो असुल उपरको मागदाबी गरिएको आयोगले जनाएको छ । आयोगका अनुसार अनुसन्धानका क्रममा आरोपितले रु तीन लाख ८१ हजार ५९७ दाखिला गरेका छन् । उक्त रकम कटाएर बाँकी रु ११ लाख २७ हजार ६५३ असुलउपर गर्नसमेत मागदाबी गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो ।

## सुनसरी घटनालगायत विषयमा छलफल गर्न रास्वपाद्वारा सर्वदलीय बैठक आह्वान

काठमाडौँ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले सुनसरी घटनालगायत विषयमा छलफल गर्न आज बिहान ८:०० बजे सर्वदलीय बैठक आह्वान गर्नुभएको छ ।

सिंहदरबारस्थित लेखा समितिको बैठक कक्षमा बिहान उक्त बैठक संसद्मा रहेका सबै दलसहित उपेन्द्र यादव, महन्थ ठाकुर र सीके राउत नेतृत्वका दललाई आमन्त्रण गरिएको रास्वपाका महामन्त्री विपिनकुमार आचार्यले जानकारी दिनुभयो । बैठकका लागि सबै दललाई पत्राचार गर्नुका साथै सभापति लामिछानेले नेताहरूलाई आफैँ फोन गरेर आमन्त्रण गर्नुभएको महामन्त्री आचार्यको भनाइ छ । महामन्त्री आचार्यले अत्यन्तै संवेदनशील र दुखद् घटना तथा त्यसले निम्त्याएको असहज अवस्थामा सामाजिक रूपमा फैलन सक्ने द्वेष न्यूनीकरण गरी सद्भाव र शान्ति सुरक्षा कायम गर्न प्रशासनिक प्रयास जारी रहँदा राजनीतिक रूपमा पनि सामूहिक सन्देश र अपिलको आवश्यकताबोध भएकाले छलफल आयोजना गरिएको बताउनुभयो ।

## क्यूआर कोडबाट पर्यटकलाई सूचना

गण्डकी । पर्यटकीय क्षेत्रको चिनारीसँगै सुरक्षित यात्राका लागि पर्यटकलाई विभिन्न जानकारी दिने उद्देश्यले पोखरामा 'क्यूआर कोड' सञ्चालनमा ल्याइएको छ ।

गण्डकी प्रदेश प्रहरी कार्यालय र पोखरा पर्यटन परिषद्को संयुक्त पहलमा सुरू गरिएको उक्त 'क्यूआर कोड' मार्फत पर्यटकले नेपाल प्रहरीका आपत्कालीन सम्पर्क नम्बर, पर्यटकीय सुरक्षासम्बन्धी जानकारी, आवश्यक सम्पर्क विवरण र भ्रमणका सूचनाहरू सहज रूपमा प्राप्त गर्न सक्नेछन् ।

गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक दीपेन्द्र जिसीले आपत्कालीन अवस्थामा पर्यटकलाई आवश्यक जानकारी तत्काल उपलब्ध गराउँदै सुरक्षित यात्रा लागि 'क्यूआर कोड' ले सहयोग पुऱ्याउने बताउनुभयो । पर्यटकहरूको सुरक्षामा प्रहरी संवेदनशील रहेको जनाउँदै उहाँले होटल तथा भाडाका कोठामा लामो समय बस्ने व्यक्तिहरूबाट हुनसक्ने अवैध गतिविधिप्रति प्रहरी सचेत रहनुपर्ने बताउनुभयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पर्यटन विकासका लागि सुरक्षित वातावरण पहिलो शर्त भएको बताउनुभयो ।

'क्यूआर कोड' जस्ता सूचना प्रविधिका माध्यमका सहायताले पर्यटकको यात्रा सहज र सुरक्षित बन्ने उहाँको भनाइ छ । व्यवसायी र प्रहरीबीचको आपसी समन्वयले मात्रै सुरक्षित पर्यटकीय वातावरण निर्माण गर्न सकिने उहाँले बताउनुभयो ।

# मानव सेवा आश्रमबाट ११२ जना पुनःस्थापना

❑ *प्रत्यूष समाचारदाता*




चितवन । यहाँको चितवन मानव सेवा आश्रमले ११२ जनालाई पुन:स्थापना गरेको छ । उद्धार गरेर ल्याइएका बेसाहरामध्ये उनीहरुको परिवारसँग पुन:स्थापना गरिएको हो ।

भरतपुर महानगरपालिका-९ स्थित सो आश्रम विसं २०७२ भदौबाट सञ्चालन गरिएको थियो । आश्रमले हालसम्म २४५ जनाको उद्धार गरेको छ । आश्रमका कार्यवाहक अध्यक्ष विनोद ढकालका अनुसार यस अवधिमा ४५ जनाको निधन भएको छ । घरबारविहीन जटिल बिरामी भएर अशक्त भएका बालबालिकादेखि वृद्धवृद्धासम्म यहाँ ल्याउने गरिएको छ । चितवन मेडिकल कलेजले स्थापनादेखिनै सबै उपचार नि:शुल्क गर्दै आएको छ । अध्यक्ष ढकालले भन्नुभयो, "सघन उपचार कक्षदेखि आवश्यक पर्ने शल्यक्रियालगायतका सबै उपचार कलेजले गर्ने गरेको छ ।"

जटिल अवस्थामा भेटिएकालाई उपचार हुने भएकाले त्यही पठाउनेसमेत गरिएको छ । अहिले आश्रममा दुई जना बालबालिकासहित ४५ जना आश्रित छन् । दाताहरुको भरमा आश्रम सञ्चालित छन् । महिनामा दुई चार दिनबाहेक अधिकांश दिनमा दाताहरुले जन्म, वैवाहिक वर्षगाँठ, मृत्यु, पूण्यतिथि, स्थापना दिवसलगायतका अवसरमा व्यक्ति र सङ्घसंस्थाले खाना खुवाउने गरेका छन् । कतिपयले लत्ताकपडा र अन्य सहयोग पनि गर्ने गरेको उहाँले जानकारी दिनुभयो ।

आश्रममा बिहान र बेलुका स्वास्थ्यकर्मी परीक्षण एवं नियमित औषधि खुवाउने गरेका छन् । त्यहाँ पाँच जना कर्मचारीले उनीहरुको सेवा गर्दै आएका छन् । आश्रममा नै रहेका तन्दुरुस्त र गर्न सक्नेहरुले काममा समेत सघाउने गरेका छन् । आश्रममा रहेका दुई बालकलाई स्थानीय निजी स्कुलमा पढाइएको छ । एक महिनामा रु तीन लाख हाराहारी खर्च हुने गरेको छ । यस वर्ष बागमती प्रदेश सरकारले केही सहयोग गरेको भन्दै उहाँले कहिलेकाँही वडा कार्यालयसमेतले सहयोग गर्ने गरेको छ । ठूलो खर्च दाता र चिनजानका सामाजिक व्यक्तित्व र आश्रम सञ्चालकले नै नियमित बेहोर्ने गरेका छन् । उनीहरुको स्वास्थ्य बिमा यसअघि बागमती प्रदेशले गरेकोमा अहिले नवीकरणको चरणमा रहेको छ ।

# नेपाल र जापानबीच सहयोग सम्झौतामा हस्ताक्षर

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । जापान सरकारले मानव संसाधन छात्रवृत्ति कार्यक्रमका लागि ४१० मिलियन जापानी येन बराबरको अनुदान सहायता उपलब्ध गराउनु भएको छ । सहायतासम्बन्धी द्विपक्षीय सम्झौतामा आज हस्ताक्षर भएको अर्थ मन्त्रालयले जनाएको छ ।

अर्थ मन्त्रालयमा मंगलबार (हिजो) आयोजित कार्यक्रममा द्विपक्षीय सहायता सम्बन्धी सम्झौतामा अर्थ सचिव डा घनश्याम उपाध्याय र नेपालका लागि जापानी राजदूत माएदा तोरुले हस्ताक्षर गर्नुभएको हो । अनुदान सम्झौतामा अन्तरराष्ट्रिय आर्थिक सम्बन्ध महाशाखाका सहसचिव डा धनिराम शर्मा र जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका) नेपाल कार्यालयका प्रमुख प्रतिनिधि मात्सुजाकी मिजुकीले हस्ताक्षर गर्नुभएको थियो ।

उक्त सहयोगबाट नेपाल सरकारको निजामती सेवामा कार्यरत जनशक्तिलाई जापानका प्रतिष्ठित विश्वविद्यालयमा स्नातकोत्तर तथा विद्यावारिधि (पिएचडी) तहको अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिने छ । यसबाट सार्वजनिक क्षेत्रमा नीति निर्माण तथा विकास व्यवस्थापनसम्बन्धी दक्षता अभिवृद्धि हुने अपेक्षा गरिएको छ । यसअघि मंगलबार ' अर्थ मन्त्रालय मा जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका) का अध्यक्ष डा तनाका अकिहिकोले अर्थमन्त्री डा स्वर्णिम वाग्लेसँग शिष्टाचार भेट गर्नुभएको थियो । भेटमा अध्यक्ष तनाकाले नयाँ सरकारका प्राथमिकताबारे चासो व्यक्त गर्दै जापान नेपालसँग विकास साझेदारीलाई थप सुदृढ बनाउन इच्छुक रहेको बताउनुभएको थियो ।

# मानव बेचविखन नियन्त्रणका लागि एकीकृत प्रयास अपरिहार्य

काठमाडौँ । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले मानव बेचबिखन नियन्त्रणका लागि सरोकारवालाको एकीकृत प्रयास अपरिहार्य रहेको बताउनुभएको छ ।

अन्तरराष्ट्रिय मानव बेचविखन विरूद्धको दिवस, २०२६ को अवसरमा मंगलबार आयोजित 'मानव बेचविखन रोकथाम : सबैको साझा जिम्मेवारी विषयक अन्तरक्रियामा उहाँले सङ्गठित अपराध तथा अन्तरराष्ट्रिय अपराधिक सञ्जालसँग जोडिएको मानव बेचविखन नियन्त्रणका लागि सुरक्षा तथा न्याय प्रणाली, स्थानीय तह, नागरिक समाज लगायत सरोकारवालाबीचको सहकार्यमा जोड दिनुभयो । प्रहरी महानिरीक्षक कार्कीले मानव बेचविखनलाई परम्परागत दृष्टिकोणबाट मात्र नभई साइबर अपराध, आर्थिक अपराध र सङ्गठित अन्तरराष्ट्रिय अपराधको समग्र सन्दर्भमा हेर्नुपर्ने बताउनुभयो । "विगतको भन्दा पछिल्ला दिनमा मानव बेचविखनको स्वरूप परिवर्तन हुँदै गएको, तस्करहरूले पीडितको कानुनी कागजात प्रयोग गरेर हुने गरेको अनलाइन ठगी तथा साइबर स्क्याम जस्ता गतिविधि थप चुनौतीका रूपमा देखापरेको छ", उहाँले भन्नुभयो ।

त्यस्ता चुनौतीलाई सम्बोधन गर्न सूचना सङ्कलन प्रणाली विस्तार, सीमा क्षेत्रमा निगरानी, जोखिममा रहेका यात्रुको 'प्रोफाइलिङ' तथा ठगी गर्ने म्यानपावर कम्पनी र शैक्षिक कन्सलटेन्सीको आवरणमा मानव तस्करी गर्ने संस्थामाथिको कारबाहीलाई उच्च प्राथमिकता मा राखिएको महानिरीक्षक कार्कीको भनाइ छ । वरिष्ठ हास्यव्यङ्ग्य कलाकार हरिवंश आचार्यले पछिल्ला समय मानव बेचबिखनको आयाम बदलिँदै गइरहेको उल्लेख गर्दै यसखालको चुनौती सामान गर्न समाजका सबै पक्षलाई सचेत बनाउनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा मानव बेचविखन अनुसन्धान ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक नकुल पोखरेलले आप्रवासन, मानव बेचविखन तथा ओसारपसार र मानव तस्करीको अवधारणा, विद्यमान अवस्था, चुनौती र सुझावसम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो । सो अवसरमा माइती नेपाल र नेपाल प्रहरीले तयार पारेको छुट्टाछुट्टै मानव बेचविखनसम्बन्धी जनचेतनामूलक श्रव्यदृश्य सामग्री प्रस्तुत गरिएको थियो । कार्यक्रममा मानव बेचविखन नियन्त्रण, अनुसन्धान, पीडित संरक्षण, सुरक्षित वैदेशिक रोजगारी, डिजिटल सुरक्षा, अन्तरराष्ट्रिय समन्वय, मानव बेचबिखन न्यूनीकरणमा देखिएका समस्या र चुनौतीलगायत विषयमा बृहत अन्तरक्रिया एवं छलफल भएको थियो । प्रहरी महानिरीक्षक कार्कीले आगामी एक वर्षसम्म मानव बेचविखन विरूद्धको राष्ट्रिय सचेतना अभियान दूत एवं वरिष्ठ कलाकारद्वय मदनकृष्ण श्रेठ र हरिवंश आचार्यलाई कदरपत्र प्रदान गर्नुभयो ।

## सम्पादकीय ....

# सरकारले सोच्नुपर्छ

सुशासन भनेको कुनै अमूर्त वा सैद्धान्तिक शब्दजाल मात्र होइन; यो त सामान्य नागरिकले सरकारी कार्यालयमा घुस नबुझाई काम गराउन पाउने, समयमै न्याय पाउने र आफ्नो करको पैसा कहाँ खर्च भइरहेको छ भन्ने कुरा थाहा पाउने अधिकारसँग प्रत्यक्ष जोडिएको व्यावहारिक विषय हो। सुशासनले नै राष्ट्रलाई गरिबीबाट समृद्धितर्फ लगेको प्रशस्त उदाहरण भेटिन्छन्। सिङ्गापुर यसको एउटा प्रस्ट उदाहरण हो । सिङ्गापुर केही दशकअघि स्रोतसाधनविहीन एउटा सानो टापु थियो । कडा कानुनी शासन, भ्रष्टाचार शून्य प्रशासन र योग्यताका आधारमा हुने नियुक्तिको संस्कृतिले आज त्यसलाई विश्वकै अग्रणी वित्तीय र व्यापारिक केन्द्रमा रूपान्तरण गरिदिएको छ ।

दक्षिण कोरिया जस्ता देशले आज प्रविधि र औद्योगिक क्षेत्रमा विश्वलाई नेतृत्व गर्ने अवस्थामा पुग्नुको पछाडि योजनाबद्ध र उत्तरदायी शासन प्रणाली नै मुख्य कारण मानिन्छ । नर्वे, फिनल्यान्ड, डेनमार्क जस्ता युरोपेली मुलुक पनि पारदर्शिता, न्यून भ्रष्टाचार र बलियो सार्वजनिक संस्थाका कारण नै विश्वका सबैभन्दा खुसी र समृद्ध राष्ट्रको सूचीमा बर्सौंदेखि अग्रस्थानमा रहँदै आएका छन् । यी सबै उदाहरणले एउटै कुरा पुष्टि गर्छन्- प्राकृतिक स्रोत वा भौगोलिक अवस्थितिभन्दा बढी महत्वपूर्ण कुरा भनेको त्यहाँको शासकीय प्रणाली कति स्वच्छ र प्रभावकारी छ भन्ने नै हो ।

नेपालमा सुशासनको अभावले नै मुलुकको विकासलाई बर्सौंदेखि पछि धकेलिरहेको यथार्थ हो । भ्रष्टाचार, बिचौलिया तन्त्र र ढिलासुस्तीले भरिएको सेवा प्रवाह, राजनीतिक हस्तक्षेप र जवाफदेहिताको अभावले ठुलठुला आयोजना समयमा सम्पन्न हुन सकेनन् । सर्वसाधारण नागरिकले सरकारी सेवा पाउनसमेत झन्झट भोग्नु परेको छ ।

सुशासनको कमीले लगानीकर्ताको भरोसा गुमाउँछ, अस्थिर नीति र अपारदर्शी प्रक्रिया भएको मुलुकमा लगानीकर्ताले दीर्घकालीन योजना बनाउन हच्किन्छन्। सुशासनको अर्को आधार राजनीतिक स्थिरता र नीतिगत स्पष्टता हो । बारम्बार सरकार परिवर्तन हुने र हरेक नयाँ सरकारले अघिल्लो सरकारका योजना तथा नीतिलाई नै उल्ट्याउने प्रवृत्तिले दीर्घकालीन विकास योजनाले पूर्णता पाउन सक्दैन ।

नेपालमा सरकार परिवर्तनको अस्थिरताले लगानीकर्तादेखि सर्वसाधारण जनतासम्मलाई अन्योलमा पारेको छ ।

नयाँ सरकार गठन भएयता आमजनतामा एक प्रकारको सकारात्मक अपेक्षा देखिएको छ । धेरैले यो सरकारले साँच्चै सुशासनमा काम गर्न सक्छ भन्ने विश्वास राखेका छन् । यो विश्वास कुनै संयोगले उत्पन्न भएको होइन; बरु सरकारले सुरुवाती चरणमै देखाएको पारदर्शिताप्रतिको झुकाव, भ्रष्टाचारविरुद्धको कडा अडान र प्रशासनिक झन्झट घटाउने दिशामा चालेका पहलले नै जनतामा यस्तो आशा जगाएको हो । लामो समयदेखि राजनीतिक अस्थिरता र बारम्बार सरकार परिवर्तन भोगेको जनताका लागि यो आशा सामान्य छैन । यसले देखाउँछ कि नागरिक अझै पनि राज्य प्रणालीप्रति निराश भइसकेका छैनन्, बरु उचित नेतृत्व र प्रतिबद्धता पाएमा परिवर्तन सम्भव छ ।

# मानवता हराएका ती स्वास्थ्यकर्मी, मनकारी यी राइडर !

मधु शाही

काठमाडौं । हात खुट्टा गल्यो । एक्कासी लामो श्वास फेर्न कठिन भयो । शरिर पसिनाले निथ्रुक्क थियो । मस्त निद्राको सानो छोरो उठाउनुको कुनै अर्थ देखिन । अस्पताल पुग्ने कसरी ? आफन्त र नजिकका साथीलाई फोन गरेँ । राति ११ बजेको थियो सायद, त्यसैले होला कसैको फोन उठेन ।

शङ्खमूलमा बस्ने मैले नजिकै निजामती अस्पताल जाने आँट गरेँ । गत असार ११ गतेको रात थियो। हातखुट्टा काँपेको बेला स्कुटर चलाउने उपाय भएन । जसोतसो 'याङगो' गरेर नयाँवानेश्वरस्थित निजामती अस्पताल पुगेँ । अस्पताल नजिकै बस्दा बिरामी पर्दा छिटो पुगिने र उपचार छिटै पाइने भन्ने आशाले शङ्खमुल टोल वरिपरि डेरा गरी बसेको धेरै वर्ष बित्यो ।

अस्पताल पुगेपछि उपचार पाइहाल्छ, आफन्त आउँदै गर्लान् शरिर कमजोर भए पनि मन यसैगरी कुरा खेलाउँदै थियो। "दिदी अस्पताल आयो !", याङ्ग्यो राइडर भाइले सम्झाए। उनको काँधको साहारामा ओर्लिएँ र जिब्रो लरबराउदै भनेछु, "भाइ कति दिउँ ?" मसँग नगद थिएन । क्युआर गर्न मोबाइल समाउँदा समाउँदै हात काँपिरहेको थियो । त्यो देखेर ती भाइको मनमा मानवता पलाएछ। "दिदी पैसा पर्दैन, बरु छिट्टै अस्पतालभित्र जानुहोला ।" धेरै कर गरे पनि उनले पैसा लिन मानेनन् । जीविकोपार्जन गर्न याङ्गो चलाउने भाइले मात्रै मेरा 'धन्यवाद' शब्द लिएर फर्किए ।

त्यसपछि निजामती अस्पतालको आकस्मिक कक्षभित्र पुगेँ । हालत उस्तै थियो । खुट्टाले भूइँ टेक्नै मानेको थिएन । आँखा तिरमिराएका थिए । श्वास फेर्न उसै कठिन महशुस भएको थियो । सुनेकी थिएँ, डाक्टरले छोए बिरामीको आधाजसो रोग उसै निको हुन्छ ।

आकस्मिक काउन्टरमा एक कर्मचारी थिइन् । मलाई निकै गाहे भयो भर्ना लिनु न भनेँ । ती कर्मचारीले तपाईका आफन्ती खै ? भन्दै छेउछाउ हेरिन् । भएको बिरामी अगाडि छ तर उनले खोजीरहेकी थिइन् बिरामीका आफन्त । मैले जे कुरा हो त्यही भनेँ, 'आफन्तीको फोन उठेन, पछि आउँदै गर्नुहुन्छ होला ! मलाई निकै गाहे भएको छ । भर्ना लिनु न ।'

ती कर्मचारीले फेरि चर्को स्वरमा पहिला आफन्त ल्याउनु अनि मात्रै उपचार हुन्छ । तपाईको कागजपत्र कसले बोक्छ ? भर्ना गर्दा हिड्नुपर्छ, औषधि ल्याउनुपर्छ कसले गर्छ ? उनले थुप्रै प्रश्न गरिरहिन्, जसको मसँग जवाफ थिएन । उनको कुराले मन चसक्क भयो । फेरि अनुरोध गरेँ । उनले इसारा गर्दै भनिन्, 'डाक्टरलाई सोध्नु' । अरु बिरामीको कागजपत्र हेर्दै व्यस्त देखिएका डाक्टरले मलाई हेरेनन् । मैले आफैँले भनेँ, 'डाक्टर साहेब, मेरो आफन्ती अहिले आउनुभएको छैन । फोन गरेको छु । मलाई श्वास फेर्न गाहे भएको छ । उपचार गरी दिनु न । भर्ना लिनु न ।'

ती डाक्टरले यतिभन्दा पनि मतिर ध्यान दिएनन् । उनले उल्टै रुखो स्वरमा भने-'फोन गर्दै गर्नु । कुनै न कुनै बेला त उठाउनु होला नि । तपाई एक्लै आएर भर्ना गर्न मिल्दैन । पहिला आफ्नो मान्छे ल्याउनु ।' डाक्टरको यो व्यवहारले मन झनै पोल्यो फ्याट्ट वाक्य आएछ, 'मानौँ, यो संसारमा मेरो मान्छे कोही नै छैन रे के उपचार नै गर्नुहुन्न त ?'

डाक्टर उपचार गर्नका लागि हुन कि विवाद गर्न ? थाहा भएन तर उनी झनै कडा भएर भने, 'यो संसारमा कोही न कोही त होला नि तपाईको, खोज्नुहोस्, फोन गर्दै गर्नु ।' म अक्क न बक्क भएँ । ती डाक्टर मलाई एक पटक पनि बिरामीको अवस्था के छ ? भनेर नाडी समाउन समेत आएनन् । उतै बाहिर बस्नु र फोन गर्नु, आफन्ती बोलाउनु अनि आउनु भन्दै गए उनले । आकस्मिक कक्षमा आएको विरामीको लागि त घर/परिवार र आफन्ती भन्दा पनि तत्काल अस्पताल र चिकित्सक नै प्रमुख हुनुपर्ने हो ।

पहिला उपचार अनि प्रक्रिया भन्ने स्वास्थ्य क्षेत्रको धर्म हुनुपर्ने हो । यद्यपि डाक्टरको तीतो व्यवहारले मन अमिलो बनाउँदै म अस्पतालको त्यो चिसो भूइँमा बस्न सकिन । अस्पतालका डाक्टर र कर्मचारीको असंवेदनशील व्यवहार देखेर केही समय अस्पतालको आकस्मिक कक्ष बाहिर रुँदै बसेँ र आँखु पुच्छ्दै एक्लै हिडेरै रातको समयमा कोठातिर लागेँ ।

बिहीबार रातिको त्यो घटना जति पुरानो हुँदैछ, उति मनमा गहकिला प्रश्नहरु उब्जाइरहेको छ । राति साढे ११ बजे त्यो रात्रिकालीन सडकको मूलबाटोमा हिँडिरहेकी बिरामी अचेत अवस्थामा बाटोमा लडेको भए र केही दुर्घटना भएको भए अथवा मेरो मृत्यु नै भएको भए ? यसको जिम्मेवार ती डाक्टर वा अस्पताल हुन्थ्यो या मेरो परिवार ?

जनस्वास्थ्य सेवा ऐन, २०७५ मा उल्लेखित परिभाषा अनुसार आकस्मिक स्वास्थ्य सेवा भन्नाले आकस्मिक घटना वा आपत्कालीन अवस्थामा परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुको जीवनलाई जोखिममुक्त गर्न, जीवन वा अङ्ग गुम्नबाट बचाउन आवश्यकताअनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनुपर्छ ।

ऐनको दफा ३ को उपदफा ३ मा कुनै पनि नागरिकलाई स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनी प्रष्ट छ । यति मात्रै होइन, ऐनको दफा ५२ मा कसुर र सजाय शिर्षकमा स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा, स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार प्रदान गर्न इन्कार गरेमा कसुर र सजायको भागिदार हुनसक्ने कानुनी प्रावधान छ । यसैगरी कसुर ठहर भएको खण्डमा पीडित पक्षले कसुरदारबाट क्षतिपूर्ति भराउनेसमेतको व्यवस्था किटान गरिएको छ ।

यसैगरी जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम (४) मा आकस्मिक स्वास्थ्य सेवाबारे प्रष्ट उल्लेख गरिएकोछ । नियमावलीको नियम (८) मा प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो संस्थामा आएका बिरामीलाई तत्काल आकस्मिक सेवा उपलब्ध गराउनु पर्नेछ र सोको लागि आवश्यक भएमा बिरामीलाई अस्पतालमा भर्ना गर्नु पर्नेछ । त्यस्तै, आकस्मिक स्वास्थ्य सेवाका बिरामीलाई उपचार गर्दा लाग्ने खर्च कुनै कारणले बिरामीले तत्काल बुझाउन नसक्ने भएमा त्यस्ता बिरामीलाई समेत आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ ।

नेपाल मेडिकल काउन्सिलका निमित्त रजिष्ट्रार डा दिपेन्द्र पाण्डेले आकस्मिक बिरामीलाई चिकित्सकले कुनै पनि आधारमा वा तर्क देखाएर बिरामीको बेवास्ता गर्नु काउन्सिलको आचारसंहिता विपरीत रहेको बताउनुभयो । उहाँले काउन्सिललाई डिजिटल लिखित उजुरी दिन पनि सल्लाह दिनुभयो । यद्यपि, यो विषय उजुरी दिएर मात्रै पुग्दैन । यो मानव संवेदनाको मापनको आधार पनि हो ।

अस्पतालका चिकित्सक र ती याङ्गो चलाउने राइडर भाइको मानवीय संवेदना तुलना गर्न लायक छ । राइडर भाइको मानवताले बिरामीसँग पैसा लिन मानेन । यता बिरामीको उपचारका लागि नै समर्पित हुने कसम खाएका ती चिकित्सकलाई बिरामीको उपचार गर्नभन्दा प्रक्रिया पूरा गर्न महत्वपूर्ण लाग्यो ।

केही दिनपछि शरिर तङ्गिएपछि राइडर भाइलाई पैसा दिन फोन गरेकी थिएँ । झापा घर भएका उनको नाम प्रकाश हुमागाईं रहेछ । एक महिना मात्रै भएको रहेछ याङ्गो चलाउन थालेको । त्यो राति उनले मेरो अवस्था देखेर पैसा लिएनन् । भाइ अब म निको भएँ, क्युआर पठाइदिनु भनेँ । ती राइडर भाइले फेरि मानवता दर्साउदै भने, "कहिलेकाहीँ मान्छेको दु:ख पनि देख्नुपर्छ नि दिदी पैसा सबै थोक होइन । अवस्था हेरेर यस्तो सहयोग म अरुलाई पनि गर्दै आएको छु ।"

# असार मसान्तसम्म खपत भएको बजिुलीमा भ्याट नलाग्ने

काठमाडौं । नेपाल विद्युत् प्राधीकरणले गत असार मसान्तसम्म खपत भएको बिजुलीको मूल्य अभिवृद्धी कर (भ्याट) नलाग्ने स्पष्ट पारेको छ ।

आन्तरिक राजस्व विभाग तथा ठूला करदाता कार्यालयको सूचनाअनुसार भुक्तानी भइसकेको मूल्य अभिवृद्धी कर रकमलाई अग्रीम भुक्तानी कायम गरी आगामी भदौ महिनाको बिलमा समायोजन गरिने प्राधिकरणले जनाएको छ । प्राधिकरणले सूचनामार्फत ग्राहकले भुक्तानी गरीसकेको रकमलाई आगामी महिनाको बिलमा समायोजन गर्नेगरी आवश्यक प्रबन्ध गरीएको उल्लेख गरेको छ। प्राधीकरणले विद्युत् खपतका आधारमा मासीक रुपमा बिलिङ हुने गरेको र गत असार महिनामा खपत भएको विद्युतको बिलिङ साउनमा जारी गर्दा कर आकर्षित हुने वा नहुने भन्नेमा द्विविधा उत्पन्न भएको थियो । प्राधकिरणले यही साउन ८ गते आन्तरिक राजस्व विभाग र ठूला करदाता कार्यालयलाई पत्राचार गर्दै स्पष्ट पारिदिन आग्रह गरेको थियो । आर्थिक ऐन, २०८३ मा विद्युतमा भ्याट लागू हुने व्यवस्था गरिएको छ। आन्तरिक राजस्व कार्यालयले सोमबार नै एक सूचनामार्फत असार मसान्तसम्मको विद्युत् उपभोग वा खपतको बिलिङमा भ्याट नलाग्ने स्पष्ट पारेको थियो ।

विभागले साउन १ गतेदेखी भने विद्युत् शक्तिको खपतमा न्यूनतम चार्ज वा ककडिमाण्ड' चार्जमा पनि भ्याट आकर्षित हुने जनाएको छ । मूल्य अभीवृद्धी कर ऐनअनुसार अन्तिम उपभोक्ताका लागी पाँच प्रतशित र अन्यको हकमा १३ प्रतिशत भ्याट लाग्नेछ। प्राधीकरणले लिने शुल्क विद्युत् सेवाको अङ्ग भएकाले साउन १ पछी हुने खपतमा नियमानुसार भ्याट आकर्षित हुने विभागको प्रष्टोक्ती छ ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## लामखुट्टेबाट सर्ने रोगबाट बचौं

**लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।**

**त्यसैले, लामखुट्टेको टोकाईबाट बच्न:**

- **घर वरिपरि पानी जम्न नदिऔं,**
- **घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,**
- **गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,**
- **शरिर ढाक्ने कपडा लगाऔं,**
- **सुत्दा झुल टाँगेर मात्र सुतौं,**
- **झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।**

**लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

# बर पिपल रोप्दै नेत्रज्योति कृषि सहकारी संस्थाको १४औँ स्थापना दिवस तथा साधारण सभा सम्पन्न

चौतारा । सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका वडा नं १४मा प्रधान कार्यलय रहेको नेत्रज्योति कृषि सहकारी संस्था लिमिटेडले आफ्नो १४औँ स्थापना दिवस तथा वार्षिक साधारण सभा बर पिपल रोपेर सम्पन्न गरेको छ । चैतारासाँगाचोकगढी नगरपालिकाका नगर प्रमुख कृष्ण प्रसाद सापकोटाले बरको बिरुवा र वडा अध्यक्ष उद्धव नेपालले पिपलको बिरुवा रोपेर स्थपना दिवश तथा साधरण सभाको शुभारम्भ गर्नु भएको हो । चौतारासाँगाचोकगढी नगरपालिका १४मा रहेको थान्वारेगढी जन्मत्सोव पार्क घमाने डाँडामा भएको सहकारी सस्थाले स्थापना दिवसको अवसरमा वातावरण संरक्षणको सन्देश प्रवाह गर्दै वर र पिपलका बिरुवा रोपण गरी कार्यक्रमको शुभारम्भ गरेको हो।चौतारा साँगाचोकगढी नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद सापकोटाको प्रमुख आतिथ्यता तथा १४ नं वडाका वडाका अध्यक्ष उद्धव नेपालको विशेष आतिथ्यतामा सम्पन्न कार्यक्रममा जिल्ला बार इकाई सिन्धुपाल्चोकका अध्यक्ष भूपेन्द्र थिङ, नेपाल राष्ट्रिय वन उपभोक्ता महासङ्घका जिल्ला अध्यक्ष जनक गिरी, जनमिलन बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष शेरबहादुर श्रेष्ठ तथा जनहित दुग्ध उत्पादन सहकारी संस्थाका अध्यक्ष बद्रीप्रसाद नेपाललगायतले कार्यक्रमको शुभकामना दिनु भएको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि नगरप्रमुख कृष्णप्रसाद सापकोटाले सहकारीहरू स्थानीय आर्थिक समृद्धिको महत्वपूर्ण आधार भएको बताउनुभयो । उहाँले सहकारीले कृषि उत्पादन वृद्धि, रोजगारी सिर्जना र ग्रामीण अर्थतन्त्रलाई सुदृढ बनाउन उल्लेखनीय योगदान पुऱ्याउँदै आएको उल्लेख गर्नुभयो। राष्ट्रिय कलाकार पहलमान स्व लालबहादुर खातीको र पण्डीत बिद्यापती सापकोटाको सालिक समेत राखेर बनाइएको जन्मत्सोव पार्क अतिरमणीय भएको बताउँनु हुँदै यो नगरको मात्र होयन राष्ट्रकै पहीचान दिने सम्पती भएको बताउँनु भयो । उँहाले सहकारी संस्थाहरूले उत्पादन, उत्पादकत्व र बजार व्यवस्थापनमा थप प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। विशेष अतिथि वडा अध्यक्ष उद्धव नेपालले स्थानीय स्तरमा कृषि क्षेत्रको विकासमा नेत्रज्योति कृषि सहकारीले विगत १४ वर्षदेखि खेलेको भूमिका प्रशंसनीय रहेको बताउनुभयो । उहाँले सहकारीले सदस्यहरूको आर्थिक तथा सामाजिक सशक्तीकरणमा निरन्तर काम गर्दै आएको भन्दै आगामी दिनमा पनि संस्थाले नवीन कार्यक्रमहरू अघि बढाउनुपर्ने धारणा राख्नुभयो ।

यसैगरी, शुभकामना मन्तव्य राख्दै जिल्ला बार इकाईका अध्यक्ष भूपेन्द्र थिङले सहकारी संस्थाहरूले कानुनी सुशासन, पारदर्शिता र जवाफदेहितालाई आत्मसात् गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो। नेपाल राष्ट्रिय वन उपभोक्ता महासङ्घका जिल्ला अध्यक्ष जनक गिरीले कृषि र वातावरण एकअर्काका परिपूरक भएको उल्लेख गर्दै स्थापना दिवसमा गरिएको वृक्षारोपणले सकारात्मक सन्देश दिएको बताउनुभयो ।

जनमिलन बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष शेरबहादुर श्रेष्ठले सहकारीबीचको सहकार्यले स्थानीय स्तरमा आर्थिक गतिविधि विस्तार गर्न मद्दत पुग्ने धारणा व्यक्त गर्नुभयो। त्यस्तै, जनहित दुग्ध उत्पादन सहकारी संस्थाका अध्यक्ष बद्रीप्रसाद नेपालले उत्पादनमूलक क्षेत्रमा केन्द्रित सहकारीहरूलाई प्रोत्साहन गर्न राज्यले विशेष नीति अवलम्बन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । साधारण सभामा संस्थाका पदाधिकारीहरूले आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन, आय(व्यय विवरण तथा आगामी आर्थिक वर्षका लागि प्रस्तावित कार्यक्रम र योजनाहरू प्रस्तुत गरेका थिए। प्रस्तुत प्रतिवेदनमाथि सदस्यहरूबीच विस्तृत छलफल भएको थियो । सहभागीहरूले संस्थाको कार्यसम्पादनप्रति सकारात्मक प्रतिक्रिया जनाउँदै कृषि क्षेत्रसँग सम्बन्धित थप सीपमूलक तालिम, उत्पादनको बजारीकरण तथा सदस्यहरूको क्षमता विकासमा ध्यान दिन सुझाव दिएका थिए ।

वि.सं. २०६९ सालमा स्थापना भएको नेत्रज्योति कृषि सहकारी संस्था स्थानीय




कृषकहरूलाई संगठित गर्दै कृषि उत्पादनमा आत्मनिर्भरता, सदस्यहरूको आयस्तर वृद्धि तथा सहकारी अभियानलाई बलियो बनाउन सक्रिय रहँदै आएको छ। संस्थाले समय(समयमा कृषि प्रविधि हस्तान्तरण, चेतनामूलक कार्यक्रम तथा सामुदायिक गतिविधिहरू सञ्चालन गर्दै आएको जनाएको छ।

स्थापना दिवसको अवसरमा गरिएको वर र पिपलको वृक्षारोपणलाई सहभागीहरूले वातावरण संरक्षण र भावी पुस्ताप्रतिको उत्तरदायित्वसँग जोड्दै प्रशंसा गरेका थिए । पछिल्लो समय जलवायु परिवर्तनका असरहरू बढिरहेका बेला यस्ता कार्यक्रमले समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गरिएको थियो ।

स्थानीय बुद्धिजीवी, समाजसेवी तथा सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो । सहकारीको १४ वर्षे यात्रालाई स्मरण गर्दै सहभागीहरूले आगामी दिनमा संस्थाले अझ प्रभावकारी, पारदर्शी र सदस्यकेन्द्रित सेवा प्रदान गर्दै जिल्लामै उदाहरणीय सहकारीका रूपमा स्थापित हुने विश्वास व्यक्त गरेका थिए। सस्थाका अध्यक्ष कृष्ण बहादुर नेपालको अध्यक्षतामा भएको कार्यक्रममा हलगोरु पलेका कृषक रामबहादुर सार्की बाँफो जग्गामा खेती गरेका ठुलो चोकबहादुर बस्नेत , राम्चे सामुदायक बनका अध्यक्ष बलराम बस्नेतलाइ सम्मान गरिएको थियो। सस्थाका सचिब धनकुमार नेपालले स्वागत मन्तब्य राख्नु भएको थियो भने व्यवस्थापक नेत्रबहादुर बस्नेतले कार्यक्रम सञ्चालन गर्नु भएको थियो । उपस्थित अतिथीहरुलाइ सस्थाका कोषाध्यक्ष सिता बानीया र सदस्य रेखा नेपालले स्वागत गर्नु भएको थियो ।

# नेपालमा थप पुँजी र प्रविधि भित्र्याउने विषयमा छलफल

काठमाडौँ । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले गैरआवासीय नेपाली (एनआरएन) को ज्ञान, सीप, प्रविधि र पुँजीलाई स्वदेशको विकाससँग जोड्ने गरी सरकारले नीतिगत, कानुनी तथा व्यावहारिक सुधारलाई प्राथमिकता दिएको बताउनुभएको छ ।

विदेशमा रहेका नेपालीको अनुभव र लगानीलाई राष्ट्र निर्माणमा उपयोग गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले सूचना प्रविधि, कृत्रिम बौद्धिकता (एआई), डाटा सेन्टर तथा डिजिटल पूर्वाधारजस्ता क्षेत्रमा लगानीका लागि नेपाल तयार रहेको स्पष्ट पार्नुभयो ।

मंगलबार सूचना र तथा सञ्चार मन्त्रालयमा गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) का पदाधिकारीसँग भएको भेटवार्तामा सञ्चारमन्त्री डा तिमिल्सिनाले सरकारले देशमा लगानीमैत्री वातावरण निर्माण गर्न आवश्यक सुधारका काम अघि बढाइरहेको बताउनुभयो । छलफलमा एनआरएनएका उपाध्यक्ष रोजिना प्रधान राई, उपाध्यक्ष ज्ञानेन्द्र रेग्मी, उपमहासचिव कृष्ण पोखरेललगायतको सहभागिता थियो। भेटका क्रममा एनआरएनएका प्रतिनिधि हरूले सन् २०२७ को जनवरीमा काठमाडौँमा आयोजना हुने चौथो 'एनआरएनए ग्लोबल नलेज कन्भेन्सन-२०२७' को तयारीबारे जानकारी गराएका थिए । उक्त सम्मेलनले विश्वभर रहेका नेपालीको ज्ञान, सीप, अनुभव र नवप्रवर्तनलाई नेपालको विकाससँग जोड्ने उद्देश्य राखेको एनआरएनले जनाएको छ ।

छलफलमा सञ्चारमन्त्री डा तिमिल्सिनाले सरकारले विभिन्न स्थानमा आधुनिक डाटा सेन्टर निर्माणको प्रक्रिया अघि बढाइरहेको बताउनुहुँदै ती परियोजनामा स्वदेशी तथा विदेशी लगानी दुवैको आवश्यकता रहेको बताउनुभयो । एआई, डाटा सेन्टर, डिजिटल पूर्वाधार र सूचना प्रविधिसँग सम्बन्धित क्षेत्रमा लगानी गर्न उपयुक्त वातावरण बनेको उल्लेख गर्नुहुँदै उहाँले लगानीकर्ताका लागि थप सहज वातावरण तयार गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

उहाँले विदेशमा बसोबास गर्ने नेपालीले स्वदेशप्रति गहिरो माया राख्ने र देशका लागि केही गर्न चाहने भावना सकारात्मक रहेको उल्लेख गर्नुभयो । त्यस सम्भावनालाई नीतिगत रूपमा उपयोग गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले नेपालमा सीप, प्रविधि र पुँजी भित्र्याएर राष्ट्र निर्माणमा योगदान गर्न गैरआवासीय नेपालीलाई आग्रह गर्नुभयो । अहिले सरकारले सुशासन र नागरिक सेवा प्रवाहलाई पहिलो प्राथमिकतामा राखेर राजनीतिक संस्कारमा परिवर्तन ल्याउने उद्देश्यका साथ काम गरिरहेको उल्लेख गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले सुधारका प्रयासमा विभिन्न समस्या तथा व्यवधान आए पनि निरन्तर अघि बढ्ने स्पष्ट पार्नुभयो । "अहिले जहाँ हेरे पनि सुधार गर्नुपर्ने मात्रै देखिन्छ । हरेक ठाउँमा समस्या र चुनौतीका चाङ छन् । नियत सही हुँदा पनि काम गर्ने क्रममा व्यवधान आउन सक्छन् । अहिले के गर्नेभन्दा पनि कसरी गर्ने भन्ने विषय बढी महत्त्वपूर्ण बनेको छ", उहाँले भन्नुभयो ।

हाल सरकारले प्रक्रियामुखी कार्यशैलीभन्दा नतिजामुखी कार्य-सम्पादनलाई प्राथ-मिकता दिएको उल्लेख गर्दै उहाँले नागरिकलाई प्रभावकारी सेवा प्रवाहलाई केन्द्रमा राखेर सरकार अघि बढिरहेको बताउनुभयो । नीति, योजना र बजेट कार्यान्वयनमा व्यावहारिक सुधार गर्दै सुशासन र डिजिटल प्रणालीको विस्तारमा सरकार केन्द्रित रहेको सञ्चारमन्त्री तिमिल्सिना को भनाइ थियो । एनआरएनएका प्रतिनिधिहरूले सरकारले अघि सारेका डिजिटल रूपान्तरण, विद्युतीय शासन, कृत्रिम बौद्धिकता, सुशासन तथा डिजिटलाइजेसनका कार्यक्रम कार्या-न्वयनमा सहकार्य गर्न आफूहरू तयार रहेको बताउनुभएको छ ।

# भारतले धौलीगिरि बाँध खोल्ने भएकाले महाकाली तटीय क्षेत्रमा सतर्क रहन आग्रह

सुदूरपश्चिम । भारत उत्तराखण्ड प्रदेशको पिथौरागढ जिल्लामा रहेको धौलीगङ्गा जलविद्युत् परियोजनाको बाँध खोलिने भएकाले महाकाली तटीय क्षेत्रका नागरिकलाई सतर्कता अपनाउन आग्रह गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय दार्चुलाले मंगलबार एक सूचना जारी गरी त्यहाँको एनएचपिसी लिमिटेड, धौलीगङ्गा पावरस्टेसन, धारचुलाले बुधबार बिहान ६:०० बजेदेखि बिहीबार अपराह्न ६:०० बजेसम्म सिल्ट सफाइका लागि बाँध खोल्ने जानकारी आएको उल्लेख गर्दै सतर्कता अपनाउन आग्रह गरेको हो ।

सहायक प्रमुख जिल्ला अधिकारी मोहनसिंह धामीले सिल्ट सफाइका लागि बाँधका ढोका खोलिने भएकाले त्यस अवधिमा महाकाली नदीमा जलस्तर बढ्न सक्ने जोखिम भएकाले नदी तटीय क्षेत्रका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको बताउनुभयो ।

यसैबीच जिल्ला प्रशासन कार्यालय बैतडीले पनि महाकाली नदी तटीय क्षेत्रका बासिन्दालाई सतर्कता अपनाउन आग्रह गरेको छ। सहायक प्रमुख जिल्ला अधिकारी राजमणी निरौलाले आज एक विज्ञप्ति जारी गरी आवश्यक सतर्कता अपनाउन आग्रह गर्नुभएको हो । सम्भावित जोखिमलाई मध्यनजर गर्दै स्थानीय तह, सुरक्षा निकाय तथा सम्बन्धित सरोकारवालालाई आवश्यक पूर्वतयारी र सतर्कता अपनाउन पनि निर्देशन दिएको उहाँले बताउनुभयो ।

# नारायणगढ-मुग्लिन सडकमा रातिमा यातायात सेवा बन्द

चितवन । नारायणगढ-मुग्लिन सडकमा रातिको समयमा यातायात सेवा बन्द गरिएको छ । जिल्ला प्रशासन कार्यालय चितवनले एक सूचना जारी गर्दै मंगलबार राति ८ बजेदेखि बुधबार बिहान ५ बजेसम्मका लागि सडकमा सबै किसिमका सवारीसाधनहरू सञ्चालनमा रोक लगाइएको हो । सूचनामा नारायणगढ-मुग्लिन सडकअन्तर्गत मुग्लिन बजार नजिकै नारायणगढतर्फ सुक्खा पहिरो गई सडक अवरुद्ध भएको र सुक्खा पहिरो खस्ने क्रम निरन्तर रहेकाले रातिको समयमा सवारी गुड्न दिँदा हुन सक्ने मानवीय जोखिमलाई मध्यनजर राखेर राति सवारी आवगमन बन्द गर्ने निर्णय भएको जनाइएको छ । सो सडकमा मंगलबार दिउँसो तीन पटक पहिरो पन्छाएर सवारीआवगमन सञ्चालन गरिएको थियो। सो ठाउँमा पहिलो पटक पहिरो झरेको हो। मुग्लिनबाट सात सय मिटर नारायणगढतर्फ खहरे पुलमा ४० मिटर माथिबाट ढुङ्गासहितको सुक्खा पहिरो निरन्तर खसिरहेको छ ।

# धनगढीमा सुदूरपश्चिम गाईजात्रा सिजन-२ को तयारी

सुदूरपश्चिम । आगामी भदौ १७ गते कैलालीको धनगढीमा 'सुदूरपश्चिम गाईजात्रा सिजन-२' आयोजना हुने भएको छ। मंगलबार धनगढीमा आयोजित पत्रकार सम्मेलनमा आयोजक बैजनाथ सञ्चार प्रालिले यसबारे जानकारी दिँदै तयारी सुरु भएको जनाएको हो ।

संस्थाका प्रबन्धक सरस्वतीकुमारी खड्का भट्टले गाईजात्रा पर्वको संरक्षण र प्रवर्द्धन गर्दै हास्य-व्यंग्यमार्फत समाजमा रहेका विकृति, विसङ्गति तथा समसामयिक विषयमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको जानकारी दिनुभयो । यसअघि विसं २०८१ मा सम्पन्न पहिलो संस्करणको सफलतापछि यस वर्ष कार्यक्रमलाई अझ भव्य, व्यवस्थित र सन्देशमूलक बनाइने उहाँले बताउनुभयो । कार्यक्रममा केन्द्रीयस्तरका हास्य-व्यङ्ग्य कलाकारको विशेष प्रस्तुति रहनुका साथै सुदूरपश्चिमका वरिष्ठ तथा चर्चित हास्य-व्यंग्य कलाकारले नाटक, कविता, गीत-सङ्गीत, देउडा तथा प्रदेशका मौलिक लोक-सांस्कृतिक प्रस्तुत गर्ने गरी तयारी भइरहेको आयोजकले जनाएको छ ।

सो अवसरमा कार्यक्रम संयोजक समेत रहनुभएकी खड्काले गाईजात्रा परम्पराको पुस्तान्तरणसँगै हास्य-व्यङ्ग्यमार्फत लागुऔषध दुर्व्यसन, भ्रष्टाचार, साइबर अपराध, घरेलु तथा महिला हिंसा, बालअधिकार, युवा पलायन र सामाजिक विभेदजस्ता विषयमा सकारात्मक सन्देश प्रवाह गरिने उल्लेख गर्नुभयो ।

# पाँच सय सात परिवारलाई धुवाँरहित चुलो

चितवन । राप्ती नगरपालिकाका ५०७ परिवारलाई धुवाँरहित चुलो वितरण गरिएको छ। स्थानीय सरकारसँग सहकार्य गरी सपना भिलेज सोसियल इम्प्याक्टले सो सङ्ख्यामा धुवाँरहित चुलो वितरण गरेको इम्प्याक्टका अध्यक्ष धुर्व गिरीले जानकारी दिनुभयो ।

नगरपालिकासँगको सहकार्यमा ४०५ वटा र समुदायसँगको सहकार्यमा १०२ वटा चुलो वितरण गरिएको गिरीले बताउनुभयो । विगत दुई वर्षदेखि सपना भिलेजले धुवाँरहित चुलो वितरण गर्दै स्वच्छ खाना पकाउने अभ्यासलाई प्रोत्साहन, दाउराको प्रयोगमा कमी तथा कार्बन उत्सर्जन घटाउने अभियान सञ्चालन गर्दै आएको छ ।

धुवाँरहित चुलोले स्वस्थ परिवार, हराभरा वन, स्वच्छ वातावरण र दिगो भविष्य निर्माणमा योगदान गर्ने अध्यक्ष गिरीले बताउनुभयो । सपना भिलेजले यसअघि इच्छाकामना गाउँपालिका, कालिका, रत्ननगर र खैरहनी नगर पालिकामा चुलो वितरण गरिसकेको छ ।

# जुस पसललाई ५० हजार जरिवाना

गण्डकी । जुस सेवनपछि सर्वसाधारण बिरामी परेपछि पोखरा महानगरपालिका-६ बैदामस्थित फ्रेस जुस पसललाई जिल्ला प्रशासन कार्यालय, कास्कीले रु ५० हजार जरिवाना गरेको छ ।

उक्त पसलमा जुस सेवनपछि चार जना बिरामी परेको गुनासोपछि प्रशासनले मंगलबार अनुगमन गरेको थियो । अनुगमनका क्रममा जुस पसलमा सरसफाइ नगरिएको, प्रयोग गर्न नमिल्ने स्याउ, केरालगायत फलफूल फेला परेको र व्यवसाय सञ्चालनसम्बन्धी कुनै पनि कागजात नभएको पाइएपछि जरिवाना गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । अनुगमनमा क्रममा भेटिएको प्रयोग गर्न नमिल्ने झण्डै १२ किलो फलफूल नष्ट गरिएको छ । जिल्ला प्रशासन कार्यालयले व्यवसाय दर्ता तथा नवीकरण गर्न, जुस बनाउन प्रयोग हुने सामग्री नियमित सफाइ गर्न र प्रयोग गर्न नमिल्ने फलफूल अलग्गै छुट्टाएर नष्ट गर्न जुस पसल सञ्चालकलाई निर्देशन दिएको छ ।

## थोक मूल्यसम्बन्धी जानकारी दिने मोबाइल एपको सुरुवात

काठमाडौं । नेपाल सरकारले विभिन्न १२ वटा सङ्घीय कृषि बजारहरुमा कारोबार हुने कृषि उपजहरुको दैनिक थोक मूल्यसम्बन्धी विवरण प्रवाह हुने मोबाइल एप मंगलबारदेखि सुरुआत गरेको छ ।

मन्त्रिपरिषद्को गत चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीअन्तर्गत 'कृषि उपजको बजार सुनिश्चित गर्न राष्ट्रिय कृषि बजार सूचना प्रणाली सञ्चालन गर्ने तथा एसएमएस/डिजिटल माध्यम बाट दैनिक मूल्य जानकारी कृषकसम्म पुर्‍याउने' कार्यान्वयनका सन्दर्भमा सो एप सुरुआत गरिएको हो । यस निर्णयानुसार कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिसहित अन्य सुनसरी, झापा, धनुषा, सर्लाही, सिन्धुली, कास्की, नवलपरासी, रुपन्देही, बाँके, सुर्खेत, कैलालीका सङ्घीय कृषि उपज बजारहरुमा कारोबार हुने कृषि उपजहरुको दैनिक थोक मूल्यको विवरण 'एएमपि आइएस नेपाल' एप्लिकेशन मार्फत प्रवाह हुनेछ ।

उक्त मोबाइल एप्लिकेसन कृषि, वन तथा पर्यावरण मन्त्रालयको कृषि विभागको वेवसाइटमा राखिएको क्युआर स्क्यान गरेर पनि प्रयोगमा ल्याउन सकिन्छ । यस एप्लिकेसनको प्रयोगबाट लिखित कृषि बजारहरुमा दैनिक कारोबार हुने कृषि उपजको थोक मूल्यको न्यूनतम, अधिकतम र औसत मूल्य, बजार अनुसार मूल्यको तुलना, कृषि उपजको मूल्य प्रवृति र कृषि मौसमी सल्लाह बुलेटिन सम्बन्धि विवरण समेतको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । कृषिमन्त्री चौधरीले कृषकलाई बिचौलियामा निर्भर हुन नपर्ने, बजारको वास्तविक मूल्य सहज रूपमा प्राप्त हुने तथा डिजिटल प्रविधिमार्फत कृषि बजारलाई थप पारदर्शी, व्यवस्थित र प्रविधिमैत्री बनाउने सरकारको लक्ष्यअनुसार एप सञ्चालनमा ल्याइएको बताउनुभएको छ । साथै उहाँले कृषि क्षेत्रको आधुनिकी करणसँगै सूचना प्रविधिको प्रयोग विस्तार गर्नु सरकारको प्राथमिकतामा रहेको उल्लेख समेत गर्नुभएको छ ।

## लगानीमैत्री वातावरण निर्माणका लागि ४२ वटा कानुन खारेज र संशोधन हुँदैछन् : अर्थमन्त्री डा वाग्ले

काठमाडौं । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले लगानीमैत्री वातावरण निर्माणका लागि ४२ वटा कानुन खारेज तथा संशोधनको प्रक्रियामा रहेको बताउनुभएको छ । मंगलबार निजी क्षेत्रका उद्योगी, व्यवसायी तथा निजी क्षेत्रका प्रतिनिधिहरुसँगको छलफलका क्रममा अर्थमन्त्री डा वाग्लेले आफूहरुको एउटै साझा मन्त्र र एउटै राष्ट्रिय एजेन्डा लगानी मात्रै भएको उल्लेख गर्नुभयो ।

अर्थमन्त्री डा वाग्लेले सरकारले अनावश्यक र पुराना कानुन खारेज गर्ने, लगानीको वातावरण सुधार गर्ने र कर प्रणालीलाई सरल तथा पारदर्शी बनाउने, व्यवसाय गर्ने सहजता बढाउने, पुँजीबजार तथा वैकल्पिक वित्तीय साधनको विस्तार गर्ने, श्रम बजारलाई व्यवस्थित गर्ने र डिजिटल सेवामार्फत पारदर्शी प्रशासन निर्माण गर्ने स्पष्ट 'रोडम्याप' तय गरेको बताउनुभयो ।

"प्रधानमन्त्रीज्यू स्वयं निजी क्षेत्रका सवालमा अत्यन्त गम्भीर हुनुहुन्छ । मुख्य-मुख्य विषयहरूमा उहाँले सोझै र तत्काल मलगायत मन्त्रिपरिषद्का सहकर्मीहरूसँग 'फलोअप' गरिरहनुभएको छ", अर्थमन्त्री डा वाग्लेले भन्नुभयो, "मुलुकको आर्थिक रूपान्तरणका लागि स्वदेशी तथा विदेशी लगानीकर्ताहरू उच्च मनोबलका साथ लगानी विस्तार गर्न, नयाँ उद्योग खोल्न र उत्पादन बढाउन तयार हुनुपर्छ भन्नेमा सरकार स्पष्ट छ ।"

उहाँले आफूहरूले लक्ष्य उद्योग पूर्ण क्षमता सञ्चालन, निर्वाध व्यवसाय विस्तार र नयाँ उद्यमको सिर्जना रहेको बताउनुभयो । "यदि यी तीन सूचकमा हामीले उल्लेखनीय सुधार ल्याउन सक्यौं भने आर्थिक वृद्धि, रोजगारी सिर्जना, राजस्व वृद्धि, र निर्यात प्रवर्द्धन स्वतः नयाँ गतिमा अघि बढ्नेछन् । त्यसैले हाम्रा सम्पूर्ण प्रयास र नीतिहरू यिनै तीन परिणाम हासिल गर्नमा केन्द्रित रहनेछन्", उहाँले भन्नुभयो ।

अर्थमन्त्री डा वाग्लेले उद्योगी, व्यवसायी र निजी क्षेत्रका प्रतिनिधिले उठाएका जाजय विषयलाई सम्बन्धित मन्त्रालय, विभाग र निकायसँग तत्काल समन्वय गरी सामाधान गर्नका लागि अर्थ मन्त्रालयमा उच्च प्राथमिकताका साथ 'रेस्पोन्स डेस्क' स्थापना गरिने पनि उल्लेख गर्नुभयो । "अब फाइल थन्किने होइन, द्रुत गतिमा निर्णय र समाधान हुने कार्य संस्कृतिको विकास गरिनेछ", उहाँले भन्नुभयो । उहाँले कानुन संशोधन, नियमावली, कार्यविधि तथा संस्थागत सुधारको काम समयबद्ध तालिकाअनुसार कार्यान्वयन गरिने बताउनुभयो ।

## संगठनको हितलाई सर्वोपरी मानेर काम गर्न निर्देशन

विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी नायब महानिरीक्षक शेखर खनालले प्रहरी सङ्गठनको आवश्यकता र हितलाई सर्वोपरी ठानी काम गर्न निर्देशन दिनुभएको छ ।

मंगलबार जिम्मेवारी सम्हाल्नु भएका प्रमुख खनालले प्रहरी अधिकृत एवं कर्मचारीलाई निर्देशन दिँदै उच्च व्यावसायिकता, अनुशासित र जिम्मेवारी का साथ आफ्नो पदीय दायित्व निर्वाह गर्न आदेश दिनुभएको हो । सङ्गठनको उद्देश्य, लक्ष्य तथा जिम्मेवारी सबै प्रहरी कर्मचारीको आपसी साथ, सहयोग, समन्वय र प्रतिबद्धताबाट मात्र प्रभावकारी रूपमा हासिल गर्न सकिने उल्लेख गर्दै सङ्गठनप्रति समर्पित, एकताबद्ध र उत्तरदायी भएर काम गर्नुपर्नेमा जोड दिनुभयो । प्रहरी नायब महानिरीक्षक खनालले नेपाल प्रहरीले विगतदेखि नै विषम पूर्ण परिस्थितिमा निरन्तर, प्रभावकारी र नागरिकमैत्री सेवा प्रवाह गर्दै आएको स्मरण गराउनुभयो । आगामी दिनमा पनि आइपर्ने चुनौतीहरूको संयमता, धैर्यता, व्यावसायिक दक्षता तथा न्यूनतम क्षतिको सिद्धान्तलाई आत्मसात् गरी सफलतापूर्वक सामना गरी लक्ष हासिल गर्न निर्देशन दिनुभयो ।

उहाँले कार्यसम्पादन सम्झौताअनुसार निर्धारण गरिएका लक्ष्यहरू समयमै सम्पादन गर्न सबै शाखाहरूले योजनाबद्ध, नतिजामुखी, चुस्त, दुरुस्त तथा प्रभावकारी ढङ्गबाट काम गर्नुपर्नेमा विशेष जोड दिँदै सेवा प्रवाहलाई अझ पारदर्शी, उत्तरदायी, गुणस्तरीय तथा नागरिकको विश्वास अभिवृद्धि हुने गरी दैनिक कार्य गर्न निर्देशन दिनुभयो । उहाँले प्रहरीको दर्जा मात्र ठूलो कुरा होइन, नजानेको कुरा सिक्न जो बाट पनि सकिन्छ, समय सापेक्ष प्रहरी सङ्गठनको हितका निम्ति हुने राय सल्लाह, सुझाव भए जो कोहीबाट समेत आफूले ग्रहण गर्ने गरेको बताउनुभयो ।

विराटनगरको सम्पूर्ण शाखाहरुको निरीक्षण तथा अनुगमनसमेत गर्नु भएको थियो । कार्यक्रममा कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रामप्रसाद तिमल्सिनाले कोशी प्रदेशको समग्र शान्ति सुरक्षाको अवस्था, अपराध नियन्त्रण, अनुसन्धान, सेवा प्रवाहलगायत विविध विषयमा प्रस्तुतीकरण दिनुभएको थियो ।

### आँखु खोला -२ जलविद्युत आयोजना (२० मे.वा.) को परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाई गर्ने सम्बन्धी सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८३/०४/१३)

श्री गणेश हिमाल हाइड्रोपावर लिमिटेड, काठमाण्डौले बागमती प्रदेशको, धादिङ्ग जिल्लाको खनियाबास गाउँपालिका, गङ्गाजमुना गाउँपालिका र नेत्रावती डवजोङ गाउँपालिका भई बग्ने आँखु खोलाको पानी प्रयोग गरी २० मेगावाट क्षमताको आँखु खोला-२ जलविद्युत आयोजनाको निर्माण कार्य अगाडी बढाएको छ । यो आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन मिति २०७९/०४/१९ मा ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयको सचिवस्तरीय निर्णय अनुसार स्वीकृत गरिएको थियो । विस्तृत डिजाइनको क्रममा आयोजनाको संरचनाहरुको डिजाइन परिवर्तन एवं संरचनाहरुको स्थानान्तरण हुने अवस्था सिर्जना भएको छ । परिमार्जित डिजाइन अनुसार नदी प्रवाहमा आधारित (RoR) मोडलमा निर्माण गरिने यो आयोजनामा गङ्गाजमुना गाउँपालिका-३ मा आँखु खोला र आफल खोलाको संगमबाट करिव ५३० मि. दक्षिण आँखु खोलामा ३६ मिटर लम्बाई र ६ मिटर उचाई भएको डाइभर्जन बाँध निर्माण गरी २७.७३ घन मी. प्रति सेकेन्ड बहावलाई गङ्गाजमुना गाउँपालिकामा नदीको बायाँपट्टी निर्माण गरिने इन्टेक, ३ वटा चेम्बर भएको डिस्यान्डरमा पुऱ्याइनेछ । त्यहाँबाट पानीलाई गङ्गाजमुना गाउँपालिकामा वार्ड नं ३ र ४ हुँदै निर्माण स्टिल कनेक्टिड पाइप र क्रमश : ३-३ वटा खण्डमा रहने हेडरेस सुरुङ र हेडरेस पाइपहरू सम्मिलित जम्मा ५०८६ मि लामो जलमार्ग मार्फत गङ्गाजमुना गाउँपालिका-४ मा निर्माण गरिने सर्ज ट्यांकसम्म लगिने छ । जहाँबाट पानीलाई २७२ मि. लामो पेनस्टक पाइपको माध्यमबाट गङ्गाजमुना गाउँपालिका-४ मा किन्ताङ खोला र आँखु खोलाको संगमबाट करिव ८२५ मि. दक्षिण-पश्चिममा आँखु खोलाको दायाँ किनारमा निर्माण गरिने विद्युतगृहमा खसाली २० मेगावाट विद्युत् उत्पादन गरिनेछ । तत्पश्चात् उक्त पानीलाई ७७३ मि. लामो निकास नहरमार्फत पुनः आँखु खोलामा मिसाइनेछ । आयोजनाले प्रभाव पर्ने स्थानमा आयोजनाका संरचना रहने खनियाबास गाउँपालिका-४, गङ्गाजमुना गाउँपालिका-३, ४ र नेत्रावती डवजोङ गाउँपालिका-१ रहेका छन् ।

हाल यो प्रस्तावको वातावरण संरक्षण ऐन, २०७६ र सो अन्तर्गतको वातावरण संरक्षण नियमावली, २०७७ को नियम १२ बमोजिम परिमार्जित प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार हुँदैछ । सो प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको सम्बन्धमा निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्न लागिएको व्यहोरा अवगत गराउँदै सम्बन्धित सबै स्थानीय सरोकारवाला व्यक्ति तथा संघसंस्थाका प्रतिनिधिहरुलाई कार्यक्रममा उपस्थित भई आफ्ना अमूल्य रायसुझाव प्रदान गरिदिनुहुन गणेश हिमाल हाइड्रोपावर लिमिटेड हार्दिक अनुरोध गर्दछ ।

**सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान**
**मिति : २०८३ साल श्रावण २० गते बुधबार**
**समय : बिहान ११:०० बजे**
**स्थान : श्री साल्मेटार आधारभूत विद्यालय, साल्दुम, गङ्गाजमुना गाउँपालिका वार्ड नं. ४, धादिङ्ग**

**रायसुझावको लागि पत्राचार गर्ने ठेगाना**

| प्रस्तावकः | परामर्शदाताः |
|---|---|
| गणेश हिमाल हाइड्रोपावर लिमिटेड | ITECO-RIMC JV |
| गैरीधारा, का.म.पा.-२, काठमाडौं, नेपाल | श्री पन्चकन्या मार्ग, मिनभवन, काठमाण्डौ, नेपाल |
| सम्पर्क नं: ०१-४५४८८२२ | ईमेलः iteco@mos.com.np |
| ईमेल ठेगानाः ganeshhimal2075@gmail.com | फोनः ०१-४१०६७७६ |

## भारत सरकारको सहयोगमा पुनर्निर्मित गुस्तल र प्रथमश्री महाविहारको आगम उद्‌घाटन

काठमाडौं । पाटनको गुइत टोलस्थित पुनर्निर्माण गरिएको ऐतिहासिक तथा सांस्कृतिक सम्पदा गुस्तल महाविहार र प्रथमश्री महाविहारको आगम मंगलबार संयुक्त रूपमा उद्घाटन गरिएको छ ।

प्रतिनिधिसभा सदस्य जगदीश खरेल, ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन तथा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले संयुक्त रूपमा उद्घाटन गर्नुभएको हो । कार्यक्रममा नेपाल सरकारअन्तर्गत सहरी विकास तथा भवन निर्माण विभागको केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन तथा आवास), स्थानीय समुदायका प्रतिनिधि तथा काठमाडौंस्थित भारतीय राजदूतावासका अधिकारीहरूको पनि सहभागिता थियो ।

भारत सरकारको भूकम्पपछिको पुनर्निर्माण अनुदान सहयोगअन्तर्गत करिब रु १२ करोड लागतमा उक्त सम्पदा पुनःस्थापना गरिएको हो । परियोजना नेपाल सरकारको केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन तथा आवास) मार्फत कार्यान्वयन गरिएको हो ।

प्रतिनिधिसभा सदस्य खरेलले स्थानीय समुदायको सक्रिय सहभागिताको प्रशंसा गर्दै गुस्तल महाविहारजस्ता प्राचीन जीवित सम्पदाको संरक्षण आवश्यक रहेको बताउनुभयो । उहाँले सांस्कृतिक सम्पदा पुनःस्थापनामा भारत सरकारले उपलब्ध गराएको सहयोगको पनि सराहना गर्नुभयो । नगरप्रमुख महर्जनले ललितपुरसहित नेपालका विभिन्न जिल्लामा सांस्कृतिक सम्पदाको पुनर्निर्माण तथा पुनर्स्थापनामा भारतले पुर्‍याएको योगदानको प्रशंसा गर्दै स्थानीय समुदायको सहकार्य पनि उल्लेखनीय रहेको बताउनुभयो ।

नेपालका लागि भारतीय राजदूत श्रीवास्तवले नेपाल र भारतबीचको गहिरो सांस्कृतिक सम्बन्धको चर्चा गर्दै नेपालका ऐतिहासिक सम्पदाको संरक्षणमा भारतले निरन्तर सहयोग गर्दै आएको बताउनुभयो । उहाँले पुनर्स्थापित संरचनाहरू दुई देशबीचको साझा सांस्कृतिक सम्पदा र मित्रताको दिगो प्रतीक भएको उल्लेख गर्नुभयो । भारत सरकारले भूकम्पपछिको पुनर्निर्माण सहयोगअन्तर्गत नेपालका आठ जिल्लाका ३० वटा सांस्कृतिक सम्पदा

## सडक मर्मतमा जुट्यो नगरपालिका

झापा । स्थानीयले सांकेतिक रूपमा सडकमा धान रोपेर विरोध जनाएपछि अर्जुनधारा नगरपालिकाले जीर्ण सडकको तत्काल मर्मत सुरु गरेको छ ।

वडा नम्बर २ स्थित गाँजाबारीमा अत्यधिक हिलो र खाल्डाखुल्डीका कारण आवागमन प्रभावित भएपछि केही दिनअघि स्थानीयले मदन भण्डारी राजमार्गबाट लाप्चेटार-बदमटार हुँदै इलामका विभिन्न स्थान जोड्ने सडकमा धान रोपेर सम्बन्धित निकायको ध्यानाकर्षण गराएका थिए । स्थानीयको गुनासोपछि नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङले आज सडकको स्थलगत निरीक्षण गर्दै खाल्डाखुल्डी तत्काल पुरी सडकलाई आवागमनयोग्य बनाउन सम्बन्धित शाखालाई निर्देशन दिनुभएको हो ।

निर्देशनसँगै नगरपालिकाको व्यवस्थापनमा ट्याक्टरमार्फत माटो हालेर सडक मर्मतको काम सुरु गरिएको हो ।

प्रमुख गोम्देनले स्थानीय सरकार नागरिकका समस्या समाधानप्रति सधैं जिम्मेवार र संवेदनशील रहेको बताउँदै समयमै समस्या जानकारीदिनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com